(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# राष्ट्रिय निर्देशन ऐन, २०१८

| | | |
|---|---|---|
| | | <u>लालमोहर र प्रकाशन मिति</u> |
| | | २०१८।९।१३ |
| <u>संशोधन गर्ने ऐन</u> | | |
| १. | नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ | २०१९।१२।३० |
| २. | राष्ट्रिय निर्देशन (संशोधन) ऐन, २०२१ | २०२१।८।१ |
| ३. | राष्ट्रिय निर्देशन (दोस्रो संशोधन) ऐन, २०२४ | २०२४।४।४ |
| | | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६⬅ | २०६६।१०।७ |
| ५. | केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२।६।१४ |

२०१८ सालको ऐन नं. ३१

2.............

<u>राष्ट्रिय निर्देशन गर्ने अधिकारको व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> ⇨<u>विभिन्न वर्ग, पेशा वा क्षेत्रको जनताका बीच सुसम्बन्ध, सर्वसाधारण जनताको सदाचार, सुविधा, आर्थिक हित, शिष्टाचार र नैतिकता कायम राख्नको निमित्त</u> वर्गीय तथा व्यावसायिक सङ्गठनहरुको शक्तिलाई आफ्नो वर्गीय तथा व्यावसायिक हित तथा विकासका साथसाथै राष्ट्रको निर्माण र विकास कार्यमा लगाउन राष्ट्रव्यापी निर्देशन गर्ने अधिकारको व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव</u>बाट ⇨<u>नेपालको संविधानको धारा ९३ अनुसार</u> यो ऐन बनाइबक्सेको छ ।

---

⬅ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⇨ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यो ऐनको नाम "राष्ट्रिय निर्देशन ऐन, २०१८" रहेको छ ।

(२) यो ऐन नेपाल ▮.......... भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "वर्गीय तथा व्यावसायिक सङ्गठन" भन्नाले बाल सङ्गठन, ✂............. युवक सङ्गठन, महिला सङ्गठन, किसान सङ्गठन, मजदूर सङ्गठन र कुनै खास वर्ग वा व्यवसायको हित तथा विकासका साथसाथै राष्ट्रको निर्माण र विकास कार्यको मूल लक्ष्य राखेर खडा र सञ्चालन गरिने त्यस्तै अरु वर्गीय तथा व्यावसायिक सङ्गठन सम्झनु पर्छ ।

(ख) "विधान" भन्नाले मूल लक्ष्य समेत तोकी कुनै वर्गीय तथा व्यावसायिक सङ्गठन खडा गर्न, सञ्चालन गर्न र तत्सम्बन्धी अरु काम कारबाही गर्नलाई बनेको विधान र त्यसमा हुने संशोधनहरु समेत सम्झनु पर्छ ।

३. <u>वर्गीय तथा व्यावसायिक सङ्गठन खडा गर्न नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेः</u> (१) यो ऐन बमोजिम नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैले कुनै वर्गीय तथा व्यावसायिक सङ्गठन खडा गर्न हुँदैन ।

(२) कुनै वर्गीय तथा व्यावसायिक सङ्गठन खडा गर्न चाहने व्यक्ति वा व्यक्तिहरुले मूल लक्ष्य समेत तोकी सो सङ्गठन खडा गर्ने, त्यसको कार्य सञ्चालन गर्ने र तत्सम्बन्धी अरु काम कारबाहीको विधानको प्रतिलिपि समेत साथै राखी नेपाल सरकारमा आवेदन पेश गर्नु पर्छ ।

(३) उपदफा (२) बमोजिम कसैको आवेदनपत्र पेश भएपछि नेपाल सरकारले सो आवेदनपत्र र सोसाथ पेश भएको विधान बमोजिमको

---

▮ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

✂ दोस्रो संशोधनद्वारा झिकिएको ।

वर्गीय तथा व्यावसायिक सङ्गठन कुनै खास वर्ग वा व्यवसायको हित तथा विकासको साथसाथै राष्ट्रको निर्माण र विकास कार्यको मूल लक्ष्य राखेर खडा गरिन लागेको हो होइन जाँचबुझ गरी सो उद्देश्यको पूर्तिको निमित्त विधानमा कुनै संशोधन गर्नु पर्ने देखेमा संशोधन समेत गरी सो विधान बमोजिम वर्गीय तथा व्यावसायिक सङ्गठन खडा गर्न, सञ्चालन गर्न र तत्सम्बन्धी अरु काम कारबाही गर्न पाउने गरी स्वीकृति दिन सक्नेछ । कुनै खास वर्ग वा व्यवसायको हित तथा विकासका साथसाथै राष्ट्रको निर्माण र विकास कार्यको मूल लक्ष्य राखेर खडा गरिन लागेको होइन भन्ने देखेमा वा त्यस्तो सङ्गठनबाट राष्ट्र हितलाई बाधा पर्ने देखेमा नेपाल सरकारले कुनै कारण नदेखाई त्यस्तो आवेदनपत्रलाई अस्वीकृत गर्न पनि सक्नेछ ।

(४) यस दफा बमोजिम नेपाल सरकारबाट संशोधन भै वा नभै स्वीकृत भएको विधानलाई नेपाल सरकारको स्वीकृति विना संशोधन गर्न वा खारेज गरी अर्को विधान लागू गर्न हुँदैन ।

(५) बाल सङ्गठन ✄............ युवक सङ्गठन, महिला सङ्गठन, किसान सङ्गठन, मजदूर सङ्गठन र भूतपूर्व सैनिक सङ्गठनहरु खडा गराउने, सञ्चालन गराउने र तत्सम्बन्धी अरु काम कारबाहीको प्रारम्भिक उठान नेपाल सरकारले गर्न सक्नेछ । ती सङ्गठनहरुले पनि नेपाल सरकारबाट स्वीकृति भएको विधान बमोजिम नै काम कारबाही गर्नु पर्नेछ ।

(६) कुनै खास वर्गीय तथा व्यावसायिक सङ्गठन नेपाल सरकारले आफैंले खडा गर्न गराउन खोजेको रहेछ वा कुनै खास वर्गीय तथा व्यावसायिक सङ्गठन देशव्यापी हो भनी नेपाल सरकारले स्वीकार गरिसकेको रहेछ भने एउटै वर्ग वा व्यवसायको एक भन्दा बढी त्यस्तो सङ्गठनहरु खडा गर्न नेपाल सरकारले स्वीकृति दिने छैन ।

☑(७) यस ऐन तथा वर्गीय तथा व्यावसायिक सङ्गठनहरुका विधानहरुमा जेसुकै लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक

---

✄ दोस्रो संशोधनद्वारा झिकिएको ।

☑ राष्ट्रिय निर्देशन (संशोधन) ऐन, २०२१ द्वारा थप ।

देखेमा वर्गीय तथा व्यावसायिक सङ्गठनहरुको विधानमा सम्बन्धित सङ्गठनको कार्य समितिसँग सल्लाह गरी संशोधन गर्न सक्नेछ ।

❐(८) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय वा महाविद्यालयमा वा नेपाल सरकारले तोकेको स्तरको कुनै शिक्षण संस्थामा शारीरिक, बौद्धिक तथा साँस्कृतिक विकासको लागि सो संस्थाका विद्यार्थीहरुले कुनै संघ वा संस्था खोल्न चाहेमा उप–कुलपति वा प्राचार्य वा प्रधान अध्यापकको स्वीकृति लिई खोल्न सक्नेछन् । त्यस्तो संघ वा संस्था खोल्ने स्वीकृति दिँदा स्वीकृति दिने अधिकारीले यो ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम दिनेछन् । त्यस्तो शिक्षण संस्थाको कुनै विद्यार्थीले उप–कुलपति वा प्राचार्य वा प्रधान अध्यापकको स्वीकृति नलिई त्यस्तो कुनै संघ वा संस्था खोलेमा वा खोल्ने प्रयत्न गरेमा वा उपरोक्त उद्देश्य वा नियम विपरीत कुनै काम कुरा गरेमा त्यस्तो विद्यार्थीलाई सम्बन्धित संस्थाको उप–कुलपति वा प्राचार्य वा प्रधान अध्यापकले बढीमा दुई वर्षको लागि निष्काशित गर्न सक्नेछ । त्यसरी कुनै शिक्षण संस्थाबाट निष्काशित भएको विद्यार्थीलाई निष्काशनको अवधिभर नेपाल ⛁........... को कुनै शिक्षण संस्थामा अध्ययन तथा प्रशिक्षणको निमित्त प्रवेश गर्न दिइने छैन ।

४. ✄..............

५. <u>राष्ट्रिय निर्देशनहरु दिने नेपाल सरकारको अधिकार:</u> नेपाल सरकारले नेपाल ⛁............ का विभिन्न वर्गीय तथा व्यावसायिक सङ्गठनहरु र अन्य सङ्गठनहरुलाई तिनीहरुको कार्य तथा गतिविधिका सम्बन्धमा राष्ट्र हितलाई ध्यानमा राखी समय समयमा आवश्यक देखेका निर्देशनहरु दिन सक्नेछ र त्यस्तो निर्देशनहरुको पालना गर्नु सम्बन्धित सङ्गठनहरुको कर्तव्य हुनेछ ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

⛁ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

✄ दोस्रो संशोधनद्वारा झिकिएको ।

❐५क. <u>अधिकार प्रत्यायोजनः</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यो ऐन अन्तर्गतको आफ्नो सबै वा कुनै अधिकार तथा कर्तव्य सोही सूचनामा तोकिएको कुनै अधिकारीले प्रयोग तथा पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ र सो अधिकारीले दिएको आदेश वा निर्देशन नेपाल सरकारले दिए सरह मानिनेछ ।

६. <u>दण्ड सजाय:</u> (१) कुनै व्यक्ति वा व्यक्तिहरुले नेपाल सरकारको स्वीकृति विना कुनै वर्गीय तथा व्यावसायिक सङ्गठन खडा गरेमा त्यस्ता व्यक्ति वा व्यक्तिहरु प्रत्येकलाई नेपाल सरकारको आदेशले बढीमा ने.रु. ५००।– सम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र त्यसरी खडा गरिएको सङ्गठन पनि अवैध हुनेछ ।

(२) कुनै वर्गीय तथा व्यावसायिक सङ्गठन वा अरु सङ्गठन वा त्यसका समिति वा सदस्यले यो ऐन वा यस अन्तर्गत बनेका नियमहरु अन्तर्गत नेपाल सरकारले दिएका कुनै निर्देशनको पालन नगरेमा वा नेपाल सरकारबाट स्वीकृत विधान विपरीत कुनै काम कार्य गरेमा अवस्था अनुसार त्यस्तो सङ्गठन, त्यसको समिति वा सदस्यलाई नेपाल सरकारको आदेशले बढीमा ने.रु. ५००।– सम्म जरिबाना गर्न वा सोही आदेशमा तोकिएको अवधिसम्म निलम्बित वा खारेज गर्न सकिनेछ ।

७. <u>अघिको काम कारबाहीको मान्यता:</u> यो ऐन प्रारम्भ हुनु भन्दा अघि वर्गीय तथा व्यावसायिक सङ्गठनहरुको सम्बन्धमा नेपाल सरकारबाट भए गरेका सबै काम कार्यहरु र नेपाल सरकारको स्वीकृति लिई खडा र सञ्चालन भएको त्यस्ता सङ्गठनहरु यही ऐन बमोजिम भए गरेको मानिनेछ र त्यस्ता सङ्गठनहरुबाट भए गरेका यो ऐनसँग नबाझिने कार्यहरु पनि यही ऐन बमोजिम भए गरे सरह मानिने छन् ।

८. <u>अदालतमा प्रश्न उठ्न नसक्ने:</u> यो ऐन वा यस अन्तर्गत बनेका नियमहरु अन्तर्गत नेपाल सरकारले दिएको जुनसुकै आदेश निर्देश अन्तिम हुनेछ र त्यस उपर कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

९. नियमहरु बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले यस ऐनमा बाधा विरोध नपारी समय समयमा नियमहरु बनाउन सक्नेछ । ती नियमहरु नेपाल राजपत्रमा प्रकाशित भए पछि मात्र लागू हुनेछन् ।

१०. बचाउः ⊕..........

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⊕ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९ द्वारा झिकिएको ।

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।